# सबैका लागि शिक्षा एक सिंहावलोकन

**देवकुमारी गुरागाई**
निर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी, भक्तपुर

**लेख सार**

**सन् १९४८ मा भएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २६ मा सबैलाई विद्यालय जान पाउने अधिकार र प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य हुनु पर्ने कुराको सुनिश्चिततालाई उल्लेख गरेको छ । यसले प्राथमिक तहको शिक्षालाई विश्वव्यापी रूपमा प्राथमिकतामा राख्न अन्तर्राष्ट्रियस्तरको दवाव सिर्जना गरेको छ । सन् २००० मा सेनेगलको राजधानी डाकारमा सबैका लागि शिक्षाका साझा उद्देश्यहरूसहित सम्पन्न भएको विश्व शिक्षा सम्मेलनलाई अन्तरराष्ट्रियस्तरबाट कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर भयो । यही प्रतिबद्धतालाई तोकिएको समय सीमाभित्र सम्पन्न गर्न नेपालले पनि सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१–२०१५) नेपाल तयार गरी यसको कार्यान्वयनका लागि सबैका लागि शिक्षा मूल दस्तावेज (२००४–२००९) को रणनीतिक कार्यक्रम कार्यान्वयनमा ल्यायो । जसको निरन्तरताको रूपमा हाल विद्यालय क्षेत्र सुधार योजना (२०६६–२०७२) कार्यान्वयनमा छ । सबैका लागि शिक्षा लागु भए पश्चात्को प्रगति विश्लेषण गर्दा प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा एकमा भर्ना हुने बालबालिकाको प्रतिशत वि.सं. २०७० मा ७६.७ प्रतिशत पुगेको छ । वि.सं. २००७ पछिको शैक्षिक उपलब्धिसँग विद्यमानको उपलब्धि तुलना गर्दा उल्लेखनीय प्रगति भएको मान्न सकिन्छ । छात्रालाई विद्यालयमा ल्याउन र टिकाइ राख्नमा महत्त्वपूर्ण भूमिका खेल्ने महिला शिक्षकको औसत हेर्दा आधारभूत तहमा ४१.६ प्रतिशत, निम्न माध्यमिक विद्यालय तहमा २७.५ प्रतिशत र माध्यमिक तहमा १७.४ प्रतिशत पुगेको छ । समग्र विद्यार्थीको भर्ना प्रतिशत हेर्दा सन् २००४ मा खुद भर्ना दर ८४.२ प्रतिशत थियो भने वि.सं. २०७० मा खुद भर्नादर प्राथमिक तह उमेर समूहको ९५.६ प्रतिशत पुगेको छ । बालविकासको अनुभवसहित कक्षा १ मा आउने बालबालिकाको प्रतिशत सन् २००८ मा ३६.२ थियो भने सन् २०१३ को फ्लास रिपोर्टले ५६.९ प्रतिशत देखाएको छ भने बालविकासमा भर्ना हुने बालबालिकाको सहजै देखिने भर्नादर ७६.७ पुगिसकेको छ । लैङ्गिक समता सूचक (Gender Parity Index) मा अपेक्षित सुधार भई प्राथमिक तह ०.९९, निम्न माध्यमिक १.०३ र माध्यमिक तह १.०२ पुग्नु नेपालले अन्तरराष्ट्रिय स्तरमा गरेको प्रतिबद्धताको परिणाम तथा दातृ निकायको सकारात्मक सहयोगको प्रतिफलको रूपमा लिन सकिन्छ ।**

**विषय प्रवेश**

"शिक्षाको विश्वव्यापी लक्ष्य प्राप्त गर्न पैसा होइन राजनीतिक इच्छाशक्ति चाहिन्छ र यसको लागि मूल रूपमा सबै सामाजिक समूहहरूलाई परिचालन गर्नुपर्दछ" यो भनाइ सन् २००० मा सेनेगलको राजधानी डाकारमा भएको विश्व शिक्षा सम्मेलनको उद्घाटन क्रममा सेनेगलका राष्ट्रपति अब्दुला वेडबाट व्यक्त भएको हो । हाम्रो मुलुकको वर्तमान परिस्थितिमा यो वाक्य सान्दर्भिक र मार्गदर्शक बन्न सक्छ । सन् १९४८ मा भएको मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २६ मा सबैलाई विद्यालय जान पाउने अधिकार हुन्छ । प्राथमिक शिक्षा निःशुल्क र अनिवार्य हुनुपर्छ र त्यसले तपाईलाई आफ्नो व्यक्तित्वको विकास गर्न दिनु पर्छ । तपाईका आमा बाबुलाई विद्यालयमा तपाईले कसरी र के पढने भनेर रोज्ने अधिकार हुन्छ भनी उल्लेख गरेको छ । यसको मर्मलाई सम्बोधन गर्न अन्तर्राष्ट्रियस्तरमा विगत लामो समयदेखि विभिन्न अभ्यासहरू हुँदै आए । यसै सिलसिलामा सन् १९९० मा थाइलैण्डको जोमटिनमा सम्पन्न सबैका लागि शिक्षाका लागि भएको वृहत सम्मेलनबाट सबैका लागि शिक्षालाई आदर्स वाक्यको रूपमा व्यापक वहस प्रारम्भ भयो । अन्य मुलुकले झैं नेपालले पनि यसलाई कार्यान्वयन गर्ने प्रतिबद्धता जाहेर गऱ्यो । यसलाई प्रभावकारी कार्यान्वयन गर्ने सिलसिलामा सन् २००० मा पुनः सेनेगलको राजधानी डाकारमा भएको विश्व शिक्षा सम्मेलन सम्पन्न

भयो । यस सम्मेलनले पारित गरेको ६ ओटा लक्ष्यहरू सबैका लागि शिक्षाको मुख्य आधारस्तम्भ बन्न पुग्यो । सन् २०१५ सम्ममा सहस्राब्दी विकास लक्ष्य र सबैका लागि शिक्षाका उद्देश्यहरू प्राप्त गर्ने प्रतिबद्धता जनाउँदै नेपाल एक बहुजातीय, वहुभाषिक, वहुधार्मिक एवम् वहुसांस्कृतिक राष्ट्र भएकै कारण सातौं उद्देश्य थप गरी यसको कार्यान्वयनका लागि नीति तथा कार्यनीति तय गरी अगाडि वढ्यो । यसरी सातवटै उद्देश्यहरू सन् २०१५ सम्ममा पूरा गर्न नेपालले सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१–२०१५) नेपाल तयार गरी यसको कार्यान्वयनका लागि सबैका लागि शिक्षा मूल दस्तावेज (२००४–२००९) को रणनीतिक कार्यक्रम कार्यान्वयन भयो । विद्यमान अवस्थामा यसको निरन्तरताको रूपमा विद्यालय क्षेत्र सुधार योजना (२०६६–२०७२) कार्यान्वयनमा छ । यस योजनाले विशेष गरी गुणस्तरीय शिक्षामा जोड दिँदै विभिन्न कार्यक्रम अगाडि सारेको छ । विद्यालय क्षेत्र सुधार योजनाले गुणस्तर वढाउन ध्यान दिनु पर्ने पक्षलाई मुल दस्तावेजमा प्राथमिकताका साथ सम्बोधन गरेको छ ।

### विद्यमान स्थिति

सबैका लागि शिक्षा मुल दस्तावेज सन् २००४–२००९ को लक्ष्य र प्रगतिको तुलनात्मक उपलब्धि एवम प्रभाव अध्ययनको कार्य Joint evaluation of Nepal's wducation for all 2004-2009 sector NORAD बाट सम्पन्न भएको थियो । यसले सबैका लागि शिक्षाका ७ ओटा लक्ष्यहरूको प्रगति मापनका लागि १८ ओटा सूचकलाई आधार लिएको थियो । विश्वव्यापी प्रयास र प्रगति तथा नेपालको लक्ष्यगत प्रगति समिक्षा गर्ने क्रममा नोराडबाट मूल्याङ्कन प्रतिवेदन प्रकाशित भयो । यसले पाँच वर्षमा भएको समग्र प्रगतिलाई सन्तोषजनक रहेको समीक्षा गरेको छ । यस मूल्याङ्कनअनुसार सबैका लागि शिक्षाको सूचकको लक्ष्यको तुलनामा प्रगतिस्थिति सारसंक्षेपमा निम्नानुसार रहेको छ :

| Indicator | Target 2008 | Achivement 2008 |
|---|---|---|
| Gross Enrolment Rate of Early Childhood/Pre school | 51 | 63.4 |
| Percentage of New entrants at grade 1 with ECD | 60 | 36.2 |
| Gross Intake Rate at Grade 1 | 110 | 147.7 |
| Net Intake Rate (Primary) | 95 | 83.1 |
| Net Enrolment Rate | 96 | 91.9 |
| percentage of Gross National Product channel led to primary education sub sector | 60 | 70 |
| Percentage of teachers with required qualification and training | 99 | 67.1 |
| Percentage of teachers with required certification | 99 | 90 |
| Pupil Teacher Ratio | 37 | 43.8 |
| Repetition Rate Grade 1 | 10 | 28.3 |
| Repetition Rate Grade 5 | 3 | 7.3 |
| Survival Rate to Grade 5 | 85 | 73.4 |
| Percentage of Learning Achievement at Grade 5 | 40 | 60 |
| Literacy rate age group 15-24 | 82 | 80 |
| Literacy rate age group 6+ years | 76 | 72 |
| Adult literacy rate 15+ years | 66 | 63 |
| Literacy gender parity index 15+ years | 0.9 | 0.84 |

यसरी नोराडबाट प्रस्तुत भएको उक्त प्रतिवेदनमा १८ ओटा सूचक मध्ये केही सूचकमा उल्लेखनीय उपलब्धि भएको देखाएको छ भने केही सन्तोजनक र केहीमा अपेक्षित उपलब्धि प्राप्त हुन नसकेको उल्लेख गरेको छ । प्रतिवेदनमा द्विभाषिक शिक्षक, वहुभाषिक पाठ्यपुस्तक व्यवस्थापन र समाहित शिक्षाको प्रभावकारी कार्यान्वयनको नीति लिइनु पर्ने विषयलाई उठाएको छ । निःशुल्क नाम मात्रको भएकोले र अहिले विद्यार्थीका नाममा भएको सेवा सुविधा जस्तैः छात्रवृत्ति, पाठ्यपुस्तक व्यवस्थापन नाममात्रको भएकाले बालबालिकाको अध्ययन अध्यापनमा प्रभावकारी रूपमा सहयोगको कार्यक्रम सञ्चालन गर्ने हो भने अभिभावकको अवसरको मूल्य (Opportunity cost) लाई उच्च मूल्य दिनु पर्ने हुन्छ । विद्यमान अवस्थामा गरिव तथा लोपोन्मुख समुदाय भनी परिभाषित र पहिचान भएकाका हकमा यस्तो समूहका सुविधाहरूका प्याकेज अभिवृद्धि गरिनु पर्ने, छात्रवृत्ति वितरणका आधारहरू सरलीकरण र लक्षित वर्गमा पुग्ने व्यवस्था हुन सकेमा विद्यमान अवस्थामा अझ सुधार भई पहुँचमा अभिवृद्धि हुने कुरा सङ्केत गरेको देखिन्छ। विद्यालय सुधार योजनामा आधारित भई अवसरको मूल्य (Opportunity cost) व्यहोर्ने, बाल मैत्री विद्यालय वातावरण, शिक्षकको तालिम र कक्षामा तालिमको सिप प्रयोग हुनुपर्ने, लैङ्गिक संवेदनशीलता र सम्मान, मूल विषयहरूमा विद्यार्थीको उपलब्धि मापन तथा मूल्याङ्कन गरिनु पर्ने विषयलाई समेत उठान गरेको छ । नोराडको प्रतिवेदनले सबैका लागि शिक्षाको लक्ष्य नं. १, लक्ष्यको तुलनामा उल्लेखनीय प्रगति भएको छ भने लक्ष्य नं. २ को सन्तोषजनक रहेको देखाएको छ। विश्वव्यापी प्राथमिक शिक्षामा ठूलो फड्को मार्न सकिएको र यसको सकारात्मक प्रभाव माध्यमिक र उच्च शिक्षामा समेत पर्न थालेको कुरा उल्लेख गरेको पाइन्छ । साथै, लैङ्गिक समानतामा देखिएको अन्तर/खाडल केही हदसम्म कम भएको देखाएको छ ।

यसैगरी शिक्षा विभागबाट विगतमा कक्षा ३, ५ र ८ को सिकाइ उपलब्धिको क्षेत्रमा अनुसन्धान भइ विभिन्न सुझावहरू प्राप्त भएका छन् । यसलाई व्यवस्थित र निरन्तर रूपमा कार्य सम्पादन गर्ने कार्य अहिले शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट भइरहेको छ। यस केन्द्रबाट कक्षा ३, ५ र ८ का केही विषयहरूलाई आधार लिइ देशभरको प्रतिनिधित्व हुने गरी २५ जिल्ला भित्रका विद्यालयहरूमा अध्ययनरत विद्यार्थीको उपलब्धि परीक्षणको कार्य गर्नुको साथै विश्लेषणात्मक प्रतिवेदनसमेत प्रकाशन गरेको छ। राष्ट्रिय विद्यार्थी उपलब्धि परीक्षण, नासा (National Assessment of Student Achievment-NASA) को प्रतिवेदन सार्वजनिक भइसकेको र यसमा विद्यार्थीको उपलब्धि स्तर, विद्यालयको स्थिति, पारिवारिक स्थितिले शिक्षण सिकाइमा पार्ने प्रभाव, जनशक्तिको सिकाइमा भूमिका, शिक्षक अभिभावक र विद्यार्थीको विद्यमान अवस्था र अब सुधार गर्नुपर्ने पक्षलाई विश्लेषणात्मक रूपमा प्रस्तुत गरेको छ। यो प्रतिवेदन आगामी दिनमा शैक्षिक गतिविधि सञ्चालन गर्न मानवीय तथा भौतिक व्यवस्थापनमा औचित्यपुर्ण मार्ग निर्देश गर्ने साधनको रूपमा लिन सक्ने देखिन्छ ।

सबैका लागि शिक्षा मूल दस्तावेज (२००४–२००९) पश्चात् यसको निरन्तरताको रूपमा विद्यालय क्षेत्र सुधार योजना (२०६६–२०७२) कार्यान्वयनमा छ । यस दस्तावेजले विद्यार्थीको पहुँचका साथ साथै गुणस्तरलाई प्राथमिकतामा राखी कार्य अगाडि वढाइरहेको अवस्था छ । यी कार्यक्रम कार्यान्वयनबाट प्राप्त भएका विद्यालयको परिमाणात्मक प्रगतिलाई हेर्दा प्रारम्भिक बाल विकास तथा पूर्व प्राथमिक कक्षाहरू ३४ हजार ६२२ स्थापना भइ सञ्चालनमा रहेका छन्। पूर्व प्राथमिक विद्यालय कक्षाहरू जनशक्ति तथा भौतिक संरचना व्यवस्थापनमा केही प्राविधिक कठिनाइका कारणले केही समस्याहरू तेर्साए पनि विद्यालयमा प्रवेश गर्नु पूर्व बालबालिकामा नभइ नहुने आधारभूत ज्ञान जस्तै : शारीरिक, मानसिक, संवेगात्मक तथा बौद्धिक विकासमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने मान्यता रहेको छ । सबैका लागि शिक्षा लागु भए पश्चात्को प्रगति विश्लेषण गर्दा प्रारम्भिक बालविकासको अनुभव सहित कक्षा एकमा भर्ना हुने बालबालिकाको प्रतिशत वि.सं. २०६९ मा ७३.७ थियो भने यसमा ३ प्रतिशतले वृद्धि भइ वि.सं. २०७० मा ७६.७ प्रतिशत पुगेको छ । विद्यालय शिक्षातर्फ ३४, ७४१ प्राथमिक, १५, २४२ निम्न माध्यमिक र ९, २०८ माध्यमिक विद्यालय सङ्ख्या गरी

३५, २२३ विद्यालय सञ्चालनमा रहेका छन । यसमा तहगत विद्यार्थी सङ्ख्या हेर्दा प्राथमिक तहमा ४४, १, ७८० जना विद्यार्थीहरू, निम्न माध्यमिक विद्यालय तहमा १८, २८, ३५१ जना र माध्यमिक तह (९ देखि १२) मा १३, १२, २६२ जना अध्ययनरत छन । यसमध्ये दुइ तिहाइ विद्यार्थी अथवा ५८ प्रतिशत प्राथमिक तहमा मात्र अध्यापनरत छन । यस भित्र प्राथमिक तहमा दलित विद्यार्थीको प्रतिशत हेर्दा करीव २० प्रतिशत पुगेको छ भने माध्यमिक तहमा ७ प्रतिशत पुगेको छ । समाबेशी शिक्षाका लागि विभिन्न लक्षित कार्यक्रमहरू निरन्तर कार्यान्वयन भइरहेको छ । जसको सकारात्मक प्रभावका रूपमा दलित, जनजाति तथा पिछडिएका वर्गको विद्यालय भित्रको पहुँच विगतको तुलनामा उल्लेखनीय रूपमा अभिवृद्धि भएको देखिएको छ । यसमा सरकारको अनिवार्य दायित्वका रूपमा शिक्षा क्षेत्रलाई विशेष लक्षित गरी कार्यक्रम सञ्चालन गरिनुका साथै सरकारी तथा गैरसरकारी सङ्घ संस्थाको शिक्षा क्षेत्रमा भएको आर्थिक तथा प्राविधिक लगानीका कारण अहिले जनजाति तथा सिमान्तकृत वर्गको भर्नादरमा उल्लेखनीय प्रगति गर्न थप सहयोग पुग्न गएको छ । अहिले जनजाति तर्फको भर्नादर हेर्दा प्राथमिक तहमा ३४ प्रतिशत र माध्यमिक तहमा ३९ प्रतिशत पुगेको देखिन्छ ।

समग्र विद्यार्थीको भर्ना प्रतिशत हेर्दा सन् २००४ मा खुद भर्ना दर ८४.२ प्रतिशत थियो भने वि.सं. २०७० मा खुद भर्नादर प्राथमिक तह उमेर समूहको ९५.६ प्रतिशत पुगेको छ । गत वर्ष भन्दा ३ दसमलवले वृद्धि भएको भर्नादरलाई उपलब्धिमूलक नै मान्नु पर्छ । वि.सं. २०७० को फ्यास रिपोर्ट अनुसार नेपालको आधारभूत तह विद्यालय उमेर समूहको बालबालिकाहरू ४.४ प्रतिशत विद्यालय बाहिर रहेको तथ्याङ्कले देखाउँछ । यो सङ्ख्या सानो देखिए पनि हार्ड कोर ग्रुप भएकोले विद्यालयको पहुँचभित्र ल्याउन ठुलो चुनौती भने हाम्रो सामु रहेको छ । बालविकासको अनुभवसहित कक्षा १ मा आउने बालबालिकाको प्रतिशत सन् २००८ मा ३६.२ थियो भने सन् २०१३ को फ्लास रिपोर्टले ५६.९ प्रतिशत देखाएको छ भने बालविकासमा भर्ना हुने बालबालिकाको सहजै देखिने भर्नादर ७६.७ पुगिसकेको छ । लैङ्गिक समता सूचक (Gender Parity Index) मा अपेक्षित सुधार भएको छ । प्राथमिक तह ०.९९, निम्नमाध्यमिक १.०३ र माध्यमिक तह १.०२ पुग्नु नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिबद्धताको परिणाम तथा दातृ निकायको सकारात्मक सहयोगको प्रतिफलको रूपमा लिन सकिन्छ ।

वि.सं. २००७ पछिको शैक्षिक उपलब्धिसँग विद्यमानको उपलब्धि तुलना गर्दा उल्लेखनीय प्रगति भएको मान्न सकिन्छ । छात्रालाई विद्यालयमा ल्याउन र टिकाइ राख्नमा महत्त्वपूर्ण भूमिका खेल्ने महिला शिक्षकको औसत हेर्दा आधारभूत तहमा ४१.६ प्रतिशत, निम्न माध्यमिक विद्यालय तहमा २७.५ प्रतिशत र माध्यमिक तहमा १७.४ प्रतिशत पुगेको छ । यस किसिमको सूचकबाट लैङ्गिक सवाल तथा समताको सम्बोधन गर्न अनुकुलित वातावरण सिर्जजना भएको अनुभव गर्न सकिन्छ ।

अन्तरराष्ट्रिय स्तरमा हेर्दा सबै राष्ट्रको निरन्तर प्रयास र प्राथमिकता हुँदा हुँदै पनि अझै विश्वमा ७ करोड २० लाख बालबालिकाहरू विद्यालय बाहिर रहन वाध्य भएको पाइन्छ । यही क्रम रहिरहेमा २०१५ सम्ममा ५ करोड ६० लाख बालबालिकाहरू विद्यालय बाहिर रहन वाध्य हुनेछन् । यसैगरी निम्न माध्यमिक तह उमेरका करीव ७ करोड १० लाख बालबालिका पनि विद्यालय बाहिरै छन् (युनेस्को २००८) ।

अनौपचारिक शिक्षाको विश्व परिवेशको वस्तुस्थिति हेर्दा प्रत्येक ६ जना प्रौढ मध्ये १ जना साक्षरताको अधिकारबाट बञ्चित देखिन्छन् । जसमा कूल निरक्षर मध्ये दुई तिहाइ महिला पर्दछन । यसमध्ये आधा भन्दा वढी निरक्षर बङ्गलादेश, चीन, भारत, पाकिस्तान ४ राष्ट्रमा रहेका छन् । सन् २०१५ भित्र लैङ्गिक समानतामा सुधार नहुने हो भने ७१ करोड प्रौढ निरक्षर रहने छन । तर नेपालमा महिला साक्षरता दर दुई गुणाले वढेको तथ्यले नेपालको प्रगति सन्तोषजनक रहेको देखिन्छ (युनेस्को) । अनौपचारिक शिक्षा मार्फत साक्षर गर्न सकिएमा यो समूह पनि विद्यालय शिक्षामा प्रवेश गर्न अनुकुल वातावरण बनी सबैका लागि शिक्षाको लक्ष्य प्राप्तिको आधार शिला बन्न सहयोग बन्थ्यो ।

नेपालमा भएका अनौपचारिक शिक्षाका क्षेत्रको प्रयासहरूमध्ये लागि आर्थिक वर्ष २०६५/०६६ को बजेट वक्तव्यलाई पनि लिन सकिन्छ। बजेट वक्तव्यको प्रकरण नं. १७८ मा दुई वर्षभित्रमा निरक्षरता सञ्चालन उन्मूलन गर्ने अठोटका साथ अक्षर चिनौं, सभ्य बनौं भन्ने नारा लिएर राष्ट्रिय साक्षरता अभियान कार्यान्वयन भयो। यसकै निरन्तरताका रूपमा आर्थिक वर्ष ०६६/०६७ मा पुनः दुई वर्षभित्र सबै नेपालीलाई साक्षर बनाउने लक्ष्यका साथ साक्षर बनौं क्षमता बढाउँ कार्यक्रम कार्यान्वयन भयो। यस कार्यक्रमको उपलब्धिलाई अन्तरराष्ट्रियस्तरमा समेत उच्च मूल्याङ्कन भई नेपालले अन्तरराष्ट्रिय स्तरको युनेस्को कन्फ्युसियस पुरस्कार प्राप्त गर्न सफल भयो। यसबाट उत्प्रेरित भइ यस किसिमको अभियानलाई निरन्तरता दिन नेपाल सरकार मन्त्रीपरिषद्बाट २०६९ आश्वीन १४ गते साक्षर नेपाल अभियान (२०६९–२०७२) अवधारणा पत्र स्वीकृत गरेको छ। यसअनुसार साक्षर नेपाल अभियान कार्यान्वयन पहिलो प्राथमिकतामा रहेको छ। अहिले पहिलो पूर्ण साक्षर गाउँ विकास समिति, पुर्ण साक्षर नगरपालिका तथा पूर्ण साक्षर जिल्ला बनाउन शिक्षा मन्त्रालय मातहत निकायले माहोल बनाएको छ। नेपालको पहिलो पूर्ण साक्षर जिल्लाको रूपमा ललितपुर घोषणा २०७१ आषाढ ९ गते शिक्षा मन्त्रीज्यूको समुपस्थितमा भएको छ। यसैगरी अन्य जिल्लाहरू पनि साक्षर जिल्ला घोषणा गर्ने तयारीमा रहेका छन। यसले सबैका लागि शिक्षाको लागि अन्तरराष्ट्रिय स्तरमा गरेको प्रतिबद्धतालाई प्रत्यक्ष अप्रत्यक्ष रूपमा भूमिका त खेलिरहेको छ। साथै मुलुकबाट निरक्षरता उन्मूलनमा सकारात्मक सन्देश दिएको छ।

अनौपचारिक शिक्षा नीति, २०६३ तथा दुर शिक्षा तथा खुला सिकाइसम्बन्धी निर्देशिका, २०६३ ले विद्यालय शिक्षामा नियमित हुन नसकेका व्यक्तिलाई वैकल्पिक माध्यमबाट विद्यालय शिक्षाको पहुँचको अवसर दिएको छ। यसले शिक्षण र समय व्यवस्थापनमा लचकता तर पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम नै प्रयोग गरेको छ। स्तरीय परीक्षा प्रणाली स्वीकारेको छ। खुला विद्यालय मार्फत वि.सं. २०६४ देखि २०६९ सम्मको एसएलसी उत्तीर्ण गर्ने विद्यार्थीको सङ्ख्या हेर्दा ११००० भन्दा माथि पुगिसकेको अवस्था छ। विभिन्न कारणले उमेर समूह बाहिरका तर अध्ययन गर्न इच्छुक व्यक्तिका लागि सुनौलो अवसर राज्यले प्रदान गरेको छ। यस किसिमका सहभागी समूहलाई नियमित औपचारिक विद्यालयका विद्यार्थीका तुलनामा लगानी ज्यादै न्यून रहेको जस्तै न्यूनतम सेवासुविधा, जनशक्ति व्यवस्थापन तथा शैक्षणिक व्यवस्थापनमा कमी रहेको स्थिति स्वीकृत कार्यक्रमको विश्लेषणबाट देखिन्छ।

आर्थिक वर्ष २०७१/०७२ को बजेट वक्तव्य आषाढको अन्तिम हप्ता सार्वजनिक भयो। यसले सबैका लागि शिक्षा का लागि विगतमा भएका उपलब्धिहरू र चुनौतिहरूलाई सम्बोधन गर्न र यसले राखेको उद्देश्यहरू पुरा गर्न पूर्वाधारसहितको गुणस्तरीय एवम् स्वरोजगारउन्मुख शिक्षाका लागि बढी प्राथमिकता दिएको पाइन्छ। जस्तैः यसमा साधारण शिक्षालाई क्रमशः प्राविधिक र व्यावसायिक शिक्षातर्फ परिलक्षित गर्ने, विद्यालय शिक्षालाई थप प्रभावकारी बनाउन कम विद्यार्थी भएका र निश्चित दुरीभन्दा कममा रहेका विद्यालय र शिक्षक दरवन्दीलाई व्यवस्थित गर्ने, उपलब्ध पूर्वाधार र स्रोत भित्र नै साझेदारीमा विद्यालय सञ्चालन गरेमा निजी तथा सरकारी साझेदारीमा अगाडि बढ्ने, एक विद्यालय एक विज्ञान प्रयोगशालाको व्यवस्था गर्ने जस्ता विषय क्षेत्रलाई सम्बोधन गरिएको पाइन्छ।

सबैका लागि शिक्षाको लक्ष्य प्राप्तिमा विद्यालयको योगदान हेर्दा सामुदायिक विद्यालयको क्षेत्र व्यापक रहेको, भौगोलिक विविधताको प्रभाव, धार्मिक, सांस्कृतिक, भाषिक, जातिगत विविधता रहेको कारण सीमित क्षेत्र त्यसमा पनि सुगम परिवेशमा अवस्थित संस्थागत विद्यालयसँग प्रतिस्पर्धा गर्न र सरोकारवालाको अपेक्षाअनुसारको शैक्षिक गतिविधि सञ्चालन गरी विश्वास जित्न सङ्घर्षरत रहनु पर्ने अवस्था श्रृजना भएको छ। सिकाइ उपलब्धिमा ठूलो असमानता रहनुको मुख्य कारण विद्यालयको किसिम, वातावरण, व्यवस्थापन पक्ष र बालबालिकाहरूको पारिवारिक पृष्ठभूमिबाट अत्यधिक प्रभाव परेको देखिन्छ।

अन्त्यमा अझै पनि केही बालबालिकाहरू विद्यालयमा जान नसक्नुको मुख्य कारण अभिभावकले शिक्षाका लागि आवश्यक खर्च व्यहोर्न नसक्नु साथै समय व्यवस्थापन गर्न नसक्नु पनि हो। विद्यालयमा शूल्क

हटाएपनि अझै पोशाक, पेन्सिल कलम, कपी, थप सन्दर्भसामग्री, विद्यालयको व्यवस्थापन खर्च, खाजा आदिमा थोर वहुत त खर्चिनु परेकै छ । जसको सही व्यवस्थापन गर्ने क्षमता नहुने आमाबुबाका छोरा छोरी त विद्यालय शिक्षाबाट वञ्चित हुने नै भए । यसैसँग सम्बन्धित मित्र राष्ट्र भारतको एक प्रसङ्गः भारतको पूर्वी उत्तर प्रदेशका मुसहर परिवारको बालिकामा हृदयस्पर्षी गुनासो सञ्चित छ त्यो होः माथिल्लो जातका विद्यार्थीले हामीलाई भन्छन कि हामी गन्हाउँछौ अर्की वालिका थप्छिन हामीले व्यहोर्नु परेका उपहासले हामीलाई ्विद्यालय आउन र माथिल्लो जातका बालबालिकासँग बस्नबाट रोक्छ । सामाजिक बहिस्करण महसुस गर्छन सरकारी नीतिमा सुधार आयो तर सामाजिक दृष्टिकोणमा छैन । डेक्स बेञ्च भएपनि भूइमा बस्नुपर्छ (युनेस्को) । यो अवस्था विशेष गरी नेपालका पहाडी तथा तराईका दलित परिवारका बालबालिकामा पनि लागू भइरहेको छ । यस विषयमा राजनीतिक ध्यान अझै कम पुगेको आभास हुन्छ ।

जातीय र भाषिक अल्पसङ्ख्यक बालबालिकासम्म पुग्नका लागि अन्तरसांस्कृतिक र द्विभाषिक शिक्षा प्रदान गर्नु महत्त्वपूर्ण हुन्छ । यसले सिकाइ उपलब्धि वृद्धि र विद्यालय छाड्ने दर कम गर्न सहयोग गर्दछ । सामाजिक पूर्वाधार विकासको क्षेत्रमा हेर्दा योजना अवधिमा शिक्षा क्षेत्रको भर्नादरमा राम्रो प्रगति देखिएको छ । तर पनि शिक्षा क्षेत्रमा आधारभूत भौतिक पूर्वाधारको विकास हुन नसकेको, विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक आपूर्ति अपेक्षित रूपमा हुन नसकेको, सामुदायिक तथा नीजि विद्यालयबिच एसएलसी उत्तीर्ण दरमा ठूलो असमानता निरन्तररूपमा रहेको र शैक्षिक पहुँचमा रहेको लैङ्गिक, जातीय र क्षेत्रीय असमानता कम गर्न नसकिएको अवस्था जस्ता समस्याहरू रहेका छन् ।

**अबको बाटो**

- अब विद्यालय बाहिर रहन वाध्य बालबालिकाहरू को हुन ? कहाँ छन ? र कसरी विद्यालयको पहुँचमा ल्याउने ? भन्ने विषय चुनौतीपूर्ण बन्न गएको छ । क्षेत्रगत जातीगत, लिङ्गत रूपमा खण्डीकृत गरी हेर्ने हो भने अझ पनि लैङ्गिक समानता स्थापित गर्दै सबैका लागि शिक्षाको अवसर प्रदान गर्ने कार्य चुनौतीका रूपमा रहेको छ । त्यसैले प्राथमिक शिक्षाको समग्र उपलब्धि मापनका लागि समूचित उमेरमा विद्यालय प्रवेश, प्रणाली भित्र प्रवेशपश्चात निरन्तर अध्ययन गर्ने वातावरण र समयमा विद्यालय पढाइ पुरा गर्ने अवस्था सिर्जना सम्बन्धी सूचकमा सुधारको आवश्यकता पर्दछ ।
- प्राविधिक र व्यावसायिक शिक्षालाई पर्याप्त आर्थिक विनियोजनको कमी, राजनीतिक अस्थिरता, कमजोर योजना निर्माण, अभिभावकको न्यून सहभागिता/सक्रियता, उत्पादित जनशक्ति र बजारबिचको तादम्यतामा कमजोर समन्वय आदि मुख्य वाधक भएकाले यस क्षेत्रमा सुधार गर्न आवश्यक छ ।
- शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्न विभिन्न तत्वको प्रभाव पर्ने हुँदा शिक्षा मन्त्रालय अन्तर्गत निकायको समन्वय त आवश्यक छ नै अन्तर मन्त्रालय समन्वय अझ अपरिहार्य देखिन्छ ।
- लक्षित वर्गका नाममा गरिएको लगानी तथा ल्याइएका कार्यक्रम सीमित सङ्ख्याकै वरिपरि रहँदा उपलब्धिमा अभिवृद्धि गर्न सकिएको छैन । उदाहरणका लागि छात्रवृत्ति शीर्षकलाई हेर्दा स्थानीय विकास मन्त्रालय, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, शिक्षा मन्त्रालय तथा विभिन्न जिल्लामा कार्यरत गैरसरकारी निकायको फोकस ग्रुप एउटै हुने र सबैतिरबाट लाभान्वित हुने अवस्था हाम्रो तथ्याङ्क व्यवस्थापन र प्रयोगका लागि पहुँचको अवस्थाले सिर्जना गरेको छ । भौतिक निर्माण, शैक्षिक क्षेत्रका जनशक्ति व्यवस्थापन, जनशक्ति विकासका साथै छात्रवृत्ति, पाठ्यपुस्तक लगायत विद्यार्थी लक्षित सेवासुविधामा सरकारी र गैरसरकारी क्षेत्रबाट भएको लगानीमा दोहोरोपना हटाउन कार्यक्रम कार्यान्वयन पूर्व व्यापक छलफल र समन्वयको आवश्यकता छ ।
- विद्यार्थी परिचय पत्र र अनलाईन तथ्याङ्क प्रणालीको व्यवस्थापन गरी विदयमान अभिलेख

व्यवस्थापन र लगानीको प्रभावकारी कार्यान्वयनमा सुधार गर्न आवश्यक देखिन्छ ।

- सबैका लागि शिक्षाको सुनिश्चितताका लागि औपचारिक संयन्त्र परिचालनका साथसाथै अनौपचारिक संयन्त्रको उचित प्रयोग र समन्वयबाट मात्र सबैका लागि शिक्षा प्रतिको प्रतिबद्धता पुरा गर्न सकिन्छ । त्यसैले विद्यालय तह, उच्च माध्यमिक तह र उच्च शिक्षामा औपचारिक शिक्षाले सम्बोधन गर्न नसकेको क्षेत्र र समूहमा अनौपचारिक तथा वैकल्पिक शिक्षाको व्यवस्थापनलाई अझ प्रभावकारी र जवाफदेही बनाउन आवश्यक देखिन्छ ।
- अनौपचारिक शिक्षा नीति, २०६३ का १६ ओटा नीतिको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण बनाउन सकिएमा विद्यालय तहमा विद्यालयको पहुँच बाहिर रहेको वर्गलाई ल्याउन र उच्च माध्यमिक तहमा खुला तथा वैकल्पिक माध्यमबाट शिक्षा प्रदान गर्न सहज हुन सक्छ । विद्यालय तह र उच्च शिक्षामा खुला माध्यमबाट अध्ययन गर्न चाहनेलाई अवसर भएकोले अब उच्च माध्यमिक तहमा पनि यस किसिमको व्यवस्थापन गर्न सकिएमा ग्याप हट्ने र वैकल्पिक माध्यमबाट विद्यमान औपचारिक शिक्षाबाट वञ्चित हुन पुगेको समूहले अवसर पाउने छ ।
- विद्यालय क्षेत्रमा पहुँच उल्लेखनीय तवरबाट भएपनि गुणस्तरीय बनाउन सकिएको छैन । अनिवार्य र निशुल्क आधारभूत शिक्षा मुलुकभरि कार्यान्वयन गर्ने अपेक्षा अनुरूप विद्यालय र उच्च तथा प्राविधिक शिक्षाको व्यवस्थापन गर्ने, विभिन्न ऐनहरू (शिक्षा ऐन, खुला विश्व विद्यालय ऐन, उच्च शिक्षाको छाता ऐन) ल्याउने, शिक्षा मन्त्रालय प्रणालीको संरचनागत सुधार एवम व्यवस्थापन गर्ने, कार्यसम्पादन सूचक र सक्षमताका सूचकका आधारमा शैक्षिक व्यवस्थापक कर्मचारी, नेतृत्वदायी भूमिकामा रहेका व्यक्तित्वको जवाफदेहिता वढाउने गरी शिक्षाको भावी दिसा तय गर्ने जस्ता कार्यहरू अहिलेको पहिलो प्राथकिताक्रममा रहन सक्नु पर्दछ ।
- सूचना तथा सञ्चार प्रविधिले एक्काइसौं शताब्दीमा अवसर र चुनौती दुबै सँगसँगै ल्याएको छ । यसलाई सही किसिमबाट सम्बोधन गर्न विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी निर्देशिका, २०६९ को प्रभावकारी कार्यान्वयनका लागि आधारभूत व्यवस्थापन अति आवश्यक भइसकेको छ । शैक्षिक जनशक्ति विकास केन्द्रअन्तर्गत मुलुकभरि रहेका शैक्षिक तालिम केन्द्र "क" ९ र "ख" २० ओटा गरी २९ ओटा निकायबाट माध्यमिक स्तर तथा निम्न माध्यमिक स्तरमा पठन पाठन गर्ने शिक्षकका लागि तालिमको भूमिका रहेको छ । यी निकायबाट हरेक वर्ष सामुदायिक विद्यालयका विशेष गरी निम्नमाध्यमिक र माध्यमिक तहमा अध्यापन गराउने सबै शिक्षक, शिक्षकका पेसागत सङ्घ सङ्गठनका नेता, प्रधानाध्यापकलाई पेसागत विकास उन्मुख तालिम सञ्चालन गर्दै आएको छ भने आधारभूत तह कक्षा एक देखि पाँचसम्म अध्यापन गर्ने शिक्षकका लागि स्रोत केन्द्रमार्फत तालिम सञ्चालन गरी शिक्षकको पेसागत विकासमा विकेन्द्रीत पद्धतिलाई अँगालेको अवस्था छ । अब सञ्चालनमा ल्याइने तालिम विल्कुलै सूचना तथा सञ्चार प्रविधिमा आधारित गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग र यसले सिर्जना गरेको ज्ञानको खोजी गर्न सक्ने क्षमता विकास गर्न जरुरी भइसकेको छ ।
- विद्यालय क्षेत्र सुधार योजनाले विद्यार्थीको पहुँचका साथ साथै गुणस्तरलाई प्राथमिकतामा राखी कार्य गर्न जोड दिएको छ । सङ्ख्यात्मक रूपमा विद्यालय स्थापना, विद्यार्थी भर्ना, शिक्षक नियुक्ति, भौतिक पूर्वाधारमा प्रशस्त लगानी भएपनि यसको प्रतिफल अपेक्षित रूपमा हासिल भइनरहेकोले गुणस्तरीय शिक्षाका लागि चाहिने न्यूनतम् पूर्वाधार र जनशक्तिको व्यवस्थापनमा राज्यबाट प्राथमिकता दिइनु पर्छ ।
- अनौपचारिक शिक्षा नीति, २०६३ तथा दुर शिक्षा तथा खुला सिकाइ सम्बन्धी निर्देशिका, २०६३ ले विद्यालय शिक्षामा नियमित हुन नसकेका व्यक्तिलाई वैकल्पिक माध्यमबाट विद्यालय शिक्षाको पहुँचको अवसर दिने व्यवस्था गरेकोले यसलाई अझ व्यवस्थित र प्रभावकारी बनाउन एकीकृत वैकल्पिक विद्यालय सञ्चालनसम्बन्धी निर्देशिका निर्माण गर्नु आवश्यक छ ।

- तोकेको समयमा पुरा सेट पाठ्य पुस्तक पाउने बालबालिकाको सङ्ख्या ७३.१ मात्र रहेको छ। यस क्षेत्रमा निरन्तर चुनौती तथा समस्या आएपनि दिगो समाधानको खोजी गर्न नसकिरहेको अवस्था विद्यमान देखिन्छ। विभिन्न समयमा भएका अध्ययन प्रतिवेदनले सुझाएका सुझावका आधारमा विकल्प खोजी पाठ्य पुस्तक सम्बन्धी समस्या समाधान गर्न आवश्यक छ। यसको विकल्पमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट कम्प्यूटर लगायत उपकरण उपलब्ध हुने स्थानमा प्रयोग र नहुने स्थानमा शिक्षकको क्षमता विकास गरी पाठ्यक्रमकै आधारमा अध्ययन अध्यापन गर्न सक्ने बनाउन आवश्यक छ।
- आषाढको अन्तिम सातामा बजेट वक्तव्य सार्वजनिक भएको छ। बजेट वक्तब्यले सम्बोधन गरेका पुर्वाधारसहितको गुणस्तरीय शिक्षाका लागि जिम्मेवार निकायको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन आवश्यक छ। यसको लागि स्वीकृत बजेट तथा कार्यक्रम समयमै कार्यान्वयन गर्न स्रोत साधन सहित जनशक्ति परिचालनको व्यवस्थापन पहिलो शर्त बन्न सक्छ।
- गुणस्तरीय शिक्षाको लागि शिक्षकको भूमिका महत्त्वपूर्ण हुने भएकाले अब नियुक्त गरिने शिक्षकको सक्षमता निर्धारण गरी सोअनुसारको जनशक्ति छनौट गरिनुका साथै विद्यमान शिक्षकहरूको क्षमता विकासका कार्यक्रम कार्यान्वयनमा ल्याइ समान सेवा, सुविधाको सुनिश्चितता सहितको एकै प्रकृतिका शिक्षकको व्यवस्थापन गरिनु पर्दछ।

### (४) निष्कर्ष

सन् १९४८ को मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र हुँदै सन् १९९० को शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय प्रयासले नेपालको विद्यालय शिक्षा क्षेत्रको स्थितिमा अनुकुल परिवर्तन हुँदै आएको छ। विद्यार्थी भर्नामा उल्लेखनीय प्रगति, भौतिक पक्षमा सुधारको वातावरण सिर्जना भएको छ। तर अन्तर्राष्ट्रियस्तरसँग प्रतिष्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन भने अपेक्षित मात्रामा गर्न सकिएको छैन। शिक्षालाई मानव अधिकारको धारा २६ र बाल अधिकारको दृष्टिकोणले राज्यको पहिलो दायित्व भित्र राखे पनि विद्यालयीय सुविधा निश्चित मापदण्डको आधारमा उपलब्ध गराउने ठोस नीति र अडान राज्यको तर्फबाट लिन सकेको देखिन्न। विगत लामो समयदेखि विद्यालय विस्तारका नाममा मागमा आधारित विद्यालय स्वीकृति, स्रोतको विनियोजन गर्ने नीति अवलम्बन भइनै रहे। सक्षम समूहले वढी स्रोत लग्ने कमजोरको पहुँच हुन नसक्ने, सेवा सुविधाको प्याकेज पिछडिएको वर्गलाई भने पनि यसको उपयोगमा धनी वर्गको वर्चश्व अगाडि देखियो। जनशक्ति परिचालन एवम् भौतिक पक्षको विस्तारमा विना नक्साङ्कनका प्याकेजले विश्वव्यापी रुपमा पहुँचको तुलनामा शैक्षिक गुणस्तरको पक्ष ज्यादै कमजोर रहेको देखिन्छ। सहस्राब्दी विकासका लक्ष्यहरु र सबैका लागि शिक्षाको समयावधि सन् २०१५ मा समाप्त हुँदैछ। केही लक्ष्य हासिल भए केहीमा हामी रुमलिरहेको अवस्था छ। त्यसैले विगतमा भएका असल प्रयासबाट उत्प्रेरित हुँदै बाँकी अवधिमा आआफ्नो कार्य क्षेत्रबाट उद्देश्य प्राप्तिका लागि अभियान चलाउन अति आवश्यक देखिन्छ।

**सन्दर्भ सामग्री**

अर्थ मन्त्रालय (वि.सं.२०६५)। **आर्थिक वर्ष २०६५/०६६ को बजेट वक्तब्य।** काठमाडौँ : लेखक

अर्थ मन्त्रालय (वि.सं.२०६९)। **आर्थिक वर्ष २०६९/०७० को बजेट वक्तब्य।** काठमाडौँ : लेखक

युनेस्को (२०१०)। **विश्वव्यापी अनुगमन प्रतिवेदन २०१० : युनेस्को**

शिक्षा मन्त्रालय। **सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना** (२००१- २०१५)। काठमाडौँ : लेखक

शिक्षा मन्त्रालय (वि.सं.२०६६)। **विद्यालय क्षेत्र सुधार कार्यक्रम** (२०६६ –२०७२)। काठमाडौँ : लेखक

शिक्षा मन्त्रालय (वि.सं.२०६९)। **विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी निर्देशिका।** काठमाडौँ : लेखक

शिक्षा मन्त्रालय। **साक्षर नेपाल अभियान** (२०६९–२०७२) **अवधारणा पत्र।** काठमाडौँ : लेखक

शिक्षा मन्त्रालय। **शिक्षाका समसामयिक विषयहरूमा राष्ट्रिय बहस पत्र** (२०७०)। काठमाडौँ : लेखक